# आर्थिक वर्ष २०७८/०७९ को
# नीति, कार्यक्रम  तथा बजेट

रंगेली  नगरपालिका
मोरङ्ग
१  नं प्रदेश
२०७८

विनियोजन ऐन, २०७८

**रंगेली नगरपालिका, मोरङ्गको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र सो रकम विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन**

*सभामा पेश गरिएको मिति : २०७८/०३/१०*

**प्रस्तावनाः** रंगेली नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रंगेली नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम रंगेली नगरपालिकाको विनियोजन ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि रंगेली नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७१,७८,४५,९२२ (अक्षेरुपी एकहत्तर करोड अडहत्तर लाख पैतालिस हजार नौ सय बाइस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को लागि रंगेली नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट अन्य शीर्षकमा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

तर,

(३) एउटै अनुदान संख्या भित्रका बजेटउपशिर्षक वा उपशिर्षक भित्रका कार्यक्रममा रकमान्तर गर्दा सम्बन्धित शिर्षक/कार्यक्रमको २५ प्रतिशत सम्म प्रमुख प्रशासकीय अधिकृतस्तरको

निर्णयबाट र सो भन्दा बढि रकमान्तर गर्नुपरेमा नगर सभाको निर्णय बमोजिम नगरप्रमुखस्तरीय निर्णयबाट हुनेछ ।

(४) एक पटक रकमान्तर गरेपछि पुन सोही शीर्षकमा रकमान्तर गर्न पाइने छैन । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

**४. लेखाङकन प्रतिवेदन तथा आन्तरीक लेखापरीक्षण सम्बन्धि ब्यवस्था ;**

(१) यस ऐन बमोजिम नगरपालिकाको नगर सभाबाट स्विकृत बजेट तथा कार्यक्रम खर्च गर्दा प्रचलीत कानुनले तोके बमोजिम लेखा राखि, प्रतिवेदन गर्ने, आन्तरीक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**५.खर्च अनुमोदन र दायीत्व भुक्तानि :**

(१) आ.व. २०७७/०७८ को लागि स्वीकृत कार्यक्रममा क्षेत्रगत मात्र विनियोजित भई कार्यक्रम/क्रियाकलापगत विभाजन हुन बाँकि रहेका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नगर कार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट स्वीकृत गराइएका कार्यक्रम, क्रियाकलाप र बजेट विनियोजन खर्च, रकमान्तर यसै ऐन बमोजिम भएको मानिनेछ । आ.व २०७७/७८ मा भएको आ.व २०७६/७७ को दायीत्व रु १३,९२,०४६.० भुक्तानि खर्च अनुमोदन गरी आगामि आ.व २०७८/७९ का लागी आ.व २०७७/७८ मा दायीत्व सिर्जित हुन आएमा यकिन गरी उक्त रकम अल्या गरी भुक्तानि गरीनेछ ।आगामी नगरसभाद्धारा दायीत्व भुक्तानि रकम अनुमोदन का लागी पेश गर्नु पर्नेछ ।

**६. अख्तियारी तथा कार्यक्रम स्विकृति :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजित भएको रकम प्रचलित ऐन नियमहरुको अधिनमा रहि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाइ हुनेछ ।